नेपाल सरकार
स्वास्थ्य बीमा बोर्ड

पत्र संख्याः
चलानी नं.:

नेपाल सरकार
स्वास्थ्य बीमा बोर्ड
बबरमहल, काठमाडौं
२०७४

फोन नं.: ०१-४१००२२३
टोल फ्री : १६६००१११२२४
बबहरमहल,काठमाडौं

मितिः२०८२।१०।१९

विषयः सार्वजनिक सूचना।

प्रस्तुत विषयमा स्वास्थ्य बीमामा ५ जना सम्मको बीमित परिवारले वार्षिक रुपमा उपयोग गर्न पाउने अधिकतम १ लाख रुपैयाँ बराबरको उपचार खर्च घटाईएको भन्ने भ्रामक विषय प्रति बोर्डको गम्भिर ध्यानाकर्षण भएको छ।यस सन्दर्भमा बीमित परिवारले पाउँदै आएको कुल सेवा सीमा यथावत् छ। बहिरंग (OPD) सेवाको प्रयोगलाई मात्र मितव्ययी, न्यायोचित बनाई व्यवस्थापन गर्न एक परिवारलाई (अधिकतम पाँच जना) लाई वार्षिक रु. २५,००० र प्रत्येक थप सदस्यका लागि रु. ५,००० सुविधा कायम गरिएको छ भने वाँकी रकम अन्तरंग सेवा (IPD) तथा आकस्मिक स्वास्थ्य सेवा मार्फत उपयोग गर्न सकिने विषय यथावत् रहेको व्यहोरा जानकारी गराईन्छ।

यो निर्णय वित्तीय संकटको अवस्थामा स्वास्थ्य बीमा कोषको दिगोपन जोगाउन, अनावश्यक तथा दोहोरो सेवा प्रयोग रोक्न र गम्भीर, जटिल तथा जीवनरक्षात्मक उपचार सेवाका लागि स्रोत सुरक्षित गरी भर्ना भई लिने सेवा तथा आकस्मिक/आपतकालिन अवस्थाको सेवा उपयोग गर्ने गरी गरिएको जिम्मेवार कदम भएको विषय सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

-स्वास्थ्य बीमा बोर्ड